## जातीय समानताको प्रवर्धनका लागि
## विद्यमान र योजना गरिएका उपायहरू

### सञ्चार प्राधिकरण

सञ्चार प्राधिकरण (CA) एक स्वतन्त्र बैधानिक निकाय हो जुन सञ्चार प्राधिकरण अध्यादेश (क्याप. 616) अन्तर्गत स्थापना गरिएको हो। यो हङकङमा प्रसारण र दूरसञ्चार क्षेत्रहरूको एकीकृत नियमन निकाय हो जसले सम्वन्धित कानूनको पालना गराउँछ जसमा दूरसञ्चार अध्यदेश (क्याप. 106), प्रसारण अध्यादेश (क्याप. 562) र प्रसारण (विविध प्रावधानहरू) अध्यादेश (क्याप. 391) लगायत पर्दछन्।

सम्वन्धित सेवाहरू

- CAले विभिन्न शैक्षिक र पब्लिसिटी कार्यक्रमहरू सार्वजनिक गरेर सर्वसाधारणलाई उपभोक्ता सूचना/उपायहरू प्रदान गरिरहेको छ।

- CA ले जातीय समानताका विषयसहित रेडियो र टेलिभिजन कार्यक्रमको मापदण्डका विषयमा अभ्यासको संहिता पालना नगर्ने टेलिभिजन र रेडियो कार्यक्रमहरूका विरूद्ध शिकायतहरू पनि सम्हालिरहेको छ।

अहिले रहेका उपायहरू

उपभोक्ता शिक्षा जानकारीको प्रावधान

- उपभोक्ता शिक्षा जानकारी CAको एक कार्यकारी अंग सञ्चार प्राधिकारणको कार्यालय (OFCA) को वेवसाइट (www.ofca.gov.hk) मा हङकङका दुई आधिकारिक भाषाहरू (भन्नाले चिनियाँ र अंग्रेजी) मा उपलब्ध छ। साथै, विभिन्न जातिका मानिसहरूलाई सोधपुछ गर्न, शिकायत राख्न वा CA वा OFCA बाट सहायता खोज्नका लागि मार्गनिर्देशन प्रदान गर्ने वेवपेज OFCA को वेवसाइटमा बहासा इन्डोनेसिया, हिन्दी, नेपाली, पञ्जाबी, टागालग, थाइ, उर्दू र भियतनामी गरी आठ भाषामा उपलब्ध छ। CA ले उपलब्ध गराएको उपभोक्ता शिक्षा जानकारीमा विभिन्न जातिका मानिसहरूको पहज पहुँचलाई सक्षम बनाउनका लागि, वेवपेजले माथि उल्लेखित भाषाहरूमा सञ्चार सेवाहरूको स्मार्ट प्रयोगका लागि उपभोक्तालाई विभिन्न उपायहरू समेटिएको टेलिभिजन सामग्रीहरू र लिफलेट पनि उपलब्ध गराउँछ।

टेलिभिजन र रेडियो कार्यक्रमका विरूद्धको शिकायत सम्हाल्ने

- CA ले टेलिभिजन र रेडियो मापदण्डमा अभ्यासको संहिता जारी गरेको छ जसमा प्रसारणका लागि इजाजतपत्रबाहकले यसको कुनै पनि कार्यक्रममा कुनै पनि व्यक्ति (हरू) वा समूह (हरू) लाई जातीयता, राष्ट्रियता, जाति, लिंग, यौन प्राथमिकता, धर्म, उमेर, सामाजिक अवस्था वा शारिरीक वा मानसिक अपांगताको आधारमा उनीहरूको विरूद्धमा घृणा फैलाउने वा डर त्रास देखाउने र/वा उनीहरूलाई बदनाम वा अपमान गर्न प्रोत्साहन गर्ने सामग्रीहरू समावेश गर्न नहुने प्रावधान समावेश गरेको छ । सर्वसाधारणहरूले अभ्यासको संहिताको पालना नगर्ने प्रसारकहरूका विरूद्ध CA मा शिकायत दर्ता गर्न सक्नेछन् । शिकायतहरू अंग्रेजी वा चिनियाँ भाषामा गर्न सकिनेछ र आवश्यकता रहेका विभिन्न जातिका मानिसहरूलाई सहयोग गर्नका लागि CA ले दोभाषे सेवाहरू उपलब्ध गराएको छ। CA मा टेलिभिजन र रेडियो कार्यक्रमहरूको बारेमा गरिएका सबै शिकायतहरू प्रसारण (विविध प्रावधानहरू) अध्यादेश (क्याप. 391) अनुसार स्थापित र कार्यविधीअनुसार प्रक्रियामा जानेछन् जानेछन्। यदि केस पुष्टि भएमा, CA ले उल्लंघनको मात्राका आधारमा प्रतिवन्ध लगाउनेछ।

भविष्यको कामको जाँच

- उपभोक्ता शिक्षा र उपभोक्तासम्वन्धी सूचनामा विभिन्न जातिका मानिसहरूको समान पहुँच प्रवर्धन गर्नका लागि, हामीले निम्न उपायहरू अवलम्वन गर्नेछौं:

  - विविध जातिका मानिसहरूलाई उनीहरूले बुझ्ने भाषा (हरू)मा प्रासंगिक शैक्षिक जानकारी उपलब्ध गराउन थप प्रयास गरिनेछ।

  - जब दूरसञ्चार सेवा विभिन्न जातिका मानिससहित व्यापक सर्वसाधारणले प्रयोग गर्दछन्, उपभोक्ता शिक्षा जानकारी प्रमुख लक्षित ग्राहक समूह (हरू) को भाषा (हरू) मा प्रदान गरिनेछ।

लिइएका/लिनुपर्ने अतिरिक्त उपायहरू

- CA ले ठूला दूरसञ्चार अपरेटरहरूसँग सम्पर्क गरेको छ र विगतका दूरसञ्चार सेवामा उनीहरूको पहुँचमा विविध जातिका मानिसहरूलाई समानता बढाउन उनीहरूले विभिन्न उपायहरू अपनाइरहेको कुरा थाहा पाएको छ।

- CA ले दूरसञ्चार अपरेटरहरूको अहिलेको उपायहरूको प्रभावकारिताको अनुगमन गरिरहनेछ।

- आवश्यक परेमा, CA ले दूरसञ्चार र प्रसारण सेवाहरूको बारेमा उपभोक्ताहरूले उनीहरूले बुझ्ने भाषामा जानकारी पहुँच गर्न विभिन्न समूहरूले भोगिरहेका कठिनाइहरूको पहिचान गर्न विभिन्न जातिका मानिसहरूलाई सहयोग पुऱ्याइरहेका गैरसरकारी संस्थाहरूसँग सम्पर्क राख्नेछ।

- CA ले इजाजतपत्र प्राप्त दूरसञ्चार र प्रसारण अपरेटरहरूलाई करार, मूल्य जानकारी र प्रयोगकर्ता मार्गदर्शन, आदिजस्ता उपभोक्ता सम्बन्धित जानकारी विभिन्न समूहहरूलाई आवश्यक परेको बेला बुझ्ने योग्य भाषाहरूमा प्रदान गर्न प्रोत्साहित गर्नेछ।

- CA ले जातीय समानताबारे कर्मचारीहरूको सचेतना र संवेदनशीलता बढाउन उनीहरूका लागि सान्दर्भिक तालिम कोर्सहरू र अनुभव आदानप्रदान सत्रहरूको व्यवस्था मिलाउनेछ।

जातीय समानताको प्रवर्द्धनका बारे अहिले रहेका र योजनामा रहेका उपायहरूको बारेमा सोधपुछका लागि, कृपया निम्न च्यानलहरूमार्फत सबिना बु, सहायक जनमामला प्रवन्धक 5 सँग सम्पर्क गर्नुहोस् –


| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2961 6777 |
| फ्याक्स नं. | : | 2803 5110 |
| इमेल | : | webmaster@ofca.gov.hk |
| पत्राचारको ठेगाना | : | 29/F, Wu Chung House, 213 Queen's Road East, Wan Chai, Hong Kong |


**सञ्चार प्राधिकरण**

**जुन** 2025